# राष्ट्रिय सूचना आयोग

का.म.न.पा- १० (देवीनगर), काठमाडौं

प.सं. २०७९।०८०
च.नं.

## राष्ट्रिय सूचना आयोगको बैठकले गरेका निर्णयहरु सम्बन्धी प्रेष विज्ञप्ति ।

राष्ट्रिय सूचना आयोगको मिति २०७९।०५।१६ मा आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गको अध्यक्षतामा बसेको २७७ (३) ३७ औ बैठकमा देहाय बमोजिमका निर्णयहरु भएका छन ।

१. आगामी प्रतिनीधि सभा र प्रदेश सभाको निर्वाचनलाई स्वच्छ, पारदर्शी र जिम्मेबार बनाउन तथा मतदाताले अधिकतम जानकारी पाउने वातावरण बनाउन आवश्यक भएको सन्दर्भमा निम्न बमोजिम गर्न गराउन निर्वाचन आयोगमा सूझाव पठाउने ।
   क. निर्वाचनका लागी उम्मेदवारले पेश गर्ने मनोनयन पत्र तथा संलग्न कागाजतहरु सर्वसाधारण मतदाताले पनि जानकारी पाउने गरी सार्वजनिक गर्ने व्यवस्था गर्ने ।
   ख. निर्वाचन सम्मपन्न भए पश्चात कानून बमोजिम उम्मेदवारले पेश गरेको निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने व्यवस्था गर्ने ।

२. सूचना दाताको संरक्षण सम्वन्धि नियमावलीको मस्यौदा स्वीकृतको कारवाही अगाडी वढाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाउने ।

३. सूचनाको हक कार्यान्वयन सम्वन्धी राष्ट्रिय रणनैतिक योजनामा अन्तिम सूझाव प्राप्त गर्न आयोगको वेवसाइटमा १ महिनाका लागी राख्ने र सम्वद्ध मन्त्रालयहरुका पनि सुझाव लिने ।

४. नेपाल र बंगलादेशका सूचना आयोगहरु विच भएको आपसी सहयोग सम्बन्धी समझदारीपत्र तथा कार्यन्वयन कार्ययोजना बमोजिमका कार्यहरु अगाडी वढाउने तथा भारत र श्रीलंकाका सूचना आयोगसँग पनि आपसी सहयोग सम्वन्धी समझदारी गर्न प्रस्ताव गर्ने ।

कमला ओली थापा
सूचना आयुक्त तथा प्रवक्ता

२०७९, भदौं १७ शुक्रवार